१०८९ 1603

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. २०४/२०७१/०७२

निर्णय नं. ७०३

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स. ५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल...............................................................................१ पुनरावेदक

विरूद्ध

जिल्ला शिक्षा अधिकारी (कार्यालय प्रमुख), जिल्ला शिक्षा कार्यालय, मोरङ्ग ...............................१ विपक्षी
सूचना अधिकारी, जिल्ला शिक्षा कार्यालय, मोरङ्ग ...............................................................१

विषय :- सूचना दिनु भनिएकोमा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स. ५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रितालले जिल्ला शिक्षा कार्यालय, मोरङ्ग समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०९।०८ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७१।०९।१६ को पत्रबाट जिल्ला शिक्षा कार्यालय, मोरङ्गलाई सूचना उपलब्ध गराउन लेखी गएको । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै पनि निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्वत् २०७२ चैत्र ११ गते रोज ५ शुभम्